बालबालिकाका लागि बाइबल

को प्रस्तुती

# चालिस वर्ष



लेखन: Edward Hughes

चित्र: Janie Forest; Alastair Paterson

संयोजन: Lyn Doerksen

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

©2021 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।



जब परमप्रभुले इस्राएलीहरूलाई मिश्रबाट बचाए तब मोषाले मानिसहरूलाई आराधनामा डोÚयाए। तिनले महिमाको गीत गाए, “म परमप्रभुको स्तुतिगान गाउनेछु, किनकि उहाँले ठूलो विजय गर्नुभएको छ।” मोषाले परमप्रभुले गर्नुभएको सबै कुराहरूको गीत गाए।

हल्लेलूयाह!

परमप्रभुलाई महिमा होस्!





मरूभूमिमा तीन दिनपछि तिर्खाएको मानिसहरूले मुहान भेट्टाए। तर तिनीहरूले तीतो पानी पिउन सकेनन्। प्रार्थना गर्नुको सट्टा तिनीहरूले गनगनाउन लागे। परमप्रभु दयालु हुनुहुन्छ।

उहाँले असल पानी पिउनको लागि बनाउनुभयो।



मानिसहरूले सबै कुरोमा गनगनाउन लागे। “मिश्रमा हामीले खान पाउँथ्यौं, यहाँ मरूभूमिमा हामी मर्न लागेका छौं।” ती रात परमप्रभुले बट्टाई चरा पठाउनुभयो जसलाई मानिसहरूले सजिलै पक्रन सक्थे।

अर्को बिहानी परमप्रभुले मन्न जुटाउनुभयो। यो एउटा रोटी हो जो पातलो रोटी जस्तो स्वाद थियो। हरेक बिहान मन्न मैदानमा बटुल्नको लागि तयार हुन्थ्यो। परमप्रभुले यसरीनै आफ्ना मानिसहरूलाई मरूभूमिमा खुवाउनुभयो।



तिनीहरूले हरेक दिन खानाको लागि परमप्रभुमा भरोसा गरे। तर केही मानिसहरूले अलिक बेसी मन्न थुपारे किनकि परमप्रभुले खेरो नजाओस् भनी भने।



हिजोको मन्न पुरै कुराले भरिएको थियो-विश्राम दिन बाहेक। अनि सातौं दिनमा मानिसहरू आरामसाथ हिजको मन्न खाए।



मरूभूमिपछि
पनि परमप्रभुले
इस्राएलीहरूलाई
देखभाल गर्नुभयो।





तिनीहरूलाई खाना, पानी जुटाउनुभयो अनि षत्रुहरूसंग पनि बचाउनुभयो। जब अम्मेलिकीहरूले इस्राएललाई आक्रमण गर्थे जति लामो मोषाले आफ्नो लौरो उठाउँथे तिनीहरूले त्यो लड़ाई जित्दथे।



परमप्रभुले इस्राएलीहरूलाई भने, “यदि तिमीहरूले मेरो आज्ञालाई पालन गÚयौ भने मेरो विषेश मानिसहरू हुनेछौं।” “परमप्रभुले भनेका सबै कुरा हामी गर्नेछौं” भनी मानिसहरूले मोषालाई भने। तिनीहरू सियोन पर्वतमा आइपुगे अनि मोषा परमप्रभुसंग भेट गर्न गएसम्म पर्खिरहे।



मोषा परमप्रभुसंग डाँड़ामा चालिस दिनसम्म रहे। दुइ ढुंगाको पाटीमा परमप्रभुले दष आज्ञा लेख्नुभयो। कसरी उहाँले आफ्ना मानिसहरूलाई जीवित राख्न चाहन्थे सो मोषालाई बताए।

1. “मेरो सामने तैले अरू कुनै देवता-देवीहरू नमान्नू।”

2. “कुनै प्रतिमूर्ति नबनाउनू अनि ननिउरनू।”

3. “परमप्रभुको नाउँ व्यर्थैमा नलिनू।”

4. “विश्राम-दिन पवित्र मान्नुपर्छ भनी याद राख्।”

5. “आफ्नो बाबु र आमाको आदर गर्नु।”


6. “तैले हत्या नगर्नु।”
7. “तैले व्यभिचार नगर्नु।”
8. “तैले चोरी नगर्नु।”
9. “तैले झूटो साक्षी नदिनु।”
10. “तैले लालच नगर्नु।”



सियोन पर्वतमा मोषा परमप्रभुसंग भएको बेला इस्राएलीहरूले केही डरलाग्दो कुरो गरिरहेको थियो। तिनीहरूले हारूनलाई आदेष दिएर सुनको बाछ्रा बनाए अनि परमप्रभु साटो त्यसलाई पूज्न थाले। परमप्रभु अनि मोषा रिसाए।



जब मोषाले सुनको बाछा अनि मानिसहरू नाचिरहेका देखे तब त्यो ढुंगाको पाटी भूँईमा फाले। रीसले मोषाले त्यो सुनको मूर्ति भत्काइदिए। उनले दुश्ट मानिसलाई मारे जसले त्यसलाई पूजे।

परमेष्वरले दुइ सुनको
पाटीहरू बदलाउनुभयो।
परमप्रभुले मोषालाई एउटा डेरा
बनाउन लाउनुभयो जसमा वरिपरि
बारिएको थियो, जहाँ परमप्रभु
आफ्ना मानिसहरूसंग बसोबासो
गर्न सक्थ्यो। त्यहाँ तिनीहरूले
परमप्रभुको आराधना गर्थे।
बादल र आगोको खाँबो
उपस्थित हुन्थे
तब परमप्रभु
तिनीहरूसंग
हुन्थे।



जसरी तिनीहरू कनान देषमा पुगे तब मोषाले बाह्र जासूसहरू परमप्रभुले आफ्ना मानिसहरूलाई प्रतिज्ञा गर्नुभएको देषलाई हेर्न पठाए। सबै जासूसहरू राजी भए कि त्यो सुन्दर छ भनेर तर यहोषू र कालेबले विष्वास गरे कि परमेष्वरको सहायताले मात्र त्यो

षहर हासिल गर्न सक्छ।



अरू दष जासूसहरू त्यस षहरका ठूला ठूला मानिसहरू देखेर डराए। “हामी त्यो षहर लिन सक्दैनौं” भनी भने। तिनीहरूले परमप्रभुले तिनीहरूलाई मिश्रबाट स्वतन्त्र गराएको कुरा तिनीहरूले बिर्से।



मानिसहरूले ती दष अविष्वासी जासूसहरूलाई पछ्याए। तिनीहरू रोए अनि मिश्र देष जान तयार भए, यहाँसम्म कि मोषालाई मार्न पनि चाहे।



परमप्रभुले मोषाको जीवन बचाए। त्यसपछि उहाँले मानिसहरूलाई भन्नुभयो, “तिमीहरू चालिस वर्श मरूभूमिमा घुमिरहयौं तर कालेब, यहोषू अनि तिनीरूको नानीहरूमात्र षहरमा प्रवेष गर्नेछ जसलाई तिमीले तिरस्कार गÚयौं।



# चालिस वर्श

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

प्रस्थान 15 देखि गन्ती 14

"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।"
भजनसंग्रह ११९:१३०

समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो १ यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ १ अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी विश्वास गर्छौ भने परमेश्वरलाई यसो भनः
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ। तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर १ यूहन्ना ३:१६